**MARKING SCHEME 2021-2022**
**SUBJECT - NEPALI**
**SUB CODE-124**

**CLASS-XII :** TERM-II

**MAXIMUM MARKS : 40**

## 'खण्ड-एक' (कथा)

**1.** क. अर्धवैंशे तरूणी विधवासित बिहे गर्नका निम्ति अनि खोलाको किनारमा एउटा सानो घर साथै तोते बोली सानो छोराका निम्ति पैसा कमाउने..... (2)

ख. मानिसले आफ्नो सपना पूरा गर्न संघर्ष गर्दा-गर्दै कुन दिन मृत्युको मुखमा पुगिन्छ थाहा छैन। माछाको मोल कथामा पनि रनेलाई घर बनाउने, विवाह गर्ने र सन्तान जन्माउने सपना पूरा गर्न होड़ बाजीमा गोब्रे दहमा आफूले मारेको माछा बचाउने प्रयासमा भेलले मृत्युको मुखमा पुर्‍याएको थाहा पाएन।

**अथवा** (3)

सानो कुरामा पनि खुशी हुने, बिहा गरेर घरजम गर्ने इच्छा गर्ने स्वभावको रने पुड्को पुड्को खँदिलो, औधी पुरानो कालो जिनको दौरा र सुरुवाल लगाउने जुन १० ठाउँ टाले पनि झुत्रो देखिने। धर्के, कालै इस्ट कोटमा पूरै दर्जन सेता टाँकको लहर, रङ्ग उड़िसकेको पुरानो खाँड़ीको टोपी, पाँसुला माथिसम्म सुरूवाल सुर्काएर लगाउने एक गरीब परिवारको माछावाल फूर्तिलो स्वभावको थियो।

ग. पहिले छाप नै काली अनि नीलि, कोप्ची, फेरि चिम्सी, छयाकटी, छवाँकी, डेरी, खुँड़ी, काला कञ्चट गरेकी, चिउँड़ो बाँङ्गो भएकी, ओठ डल्लो परेकी, निधार माथिसम्म खुइलेकी नराम्री ख्याक, निधार गाला र ओठ वरिपरि दाग लगाएर चाउरी परेका देखी। (3)

**अथवा**

सानै उमेरमा विभिन्न किसिमका रोगहरूले ग्रसित भएका कारणले रानुले पढ्ने अवसर पाउन सकिन।

## (खण्ड-दुइ (निबन्ध)

**2.** क. यही अंग्रेजीमा नून छ यही केटा केटीको मुखलाई पापा चीची छ। यहीं भारतको २० औं शताब्दी छ, यहीं आधुनिक आँखा छ, यहीं पर राष्ट्र सम्बन्धहरू छन् यहीं भारतीय अदालत छन्। यहीं सूर्य अस्ताउँदैनन्, यहीं रवाफ र आड़ छ। यहीं हाम्रो दैनिक जीवन छ यो अंग्रेजीमा के छैन, अंग्रेजी पढ्नेलाई कुलीनका छोरी छन्, बाबु साहेबहरूका घरमा मेच, स्कूलमा छड़ी, व्यापारका केन्द्रमा पैसा पर राष्ट्र अफिसमा इज्जत, भाषानुवादमा बोलावट, रोटीमा नौनी, विदेशमा रवाफ, स्वदेशमा धाक, साथी भाइहरूमा नाक, घण्टामा ५० र संसारमा सुवास।

(4)

ख. आफ्नो भाषालाई श्रद्धा गर्नु पर्छ, अंग्रेजी पढ्दैमा कोही विद्वान् भइहाल्दैन। मातृ भाषामा आफ्नो संस्कार, संस्कृति तथा अस्तित्वजस्ता तत्त्व रहेका हुन्छन्। मातृ भाषा छोड़ेर अर्काको भाषालाई महत्त्व दिनु भनेको दास मानसिकता हो। र अंग्रेजी भाषा जानेता पनि नेपाली भाषाको त्यो भन्दा गहन ज्ञान हुन आवश्यक छ। (4)

## खण्ड-३ (एकाङ्की नाटक)

3. क. संसारमा नाटकको शुरूवातमा आदिमकालीन मानवजाति माझ प्रचलित विभिन्न ऋतु अनुसार गरिने पूजा-आजा, पर्व, उत्सव र संगीत नृत्यले प्रमुख भूमिका लिएको थाहा पाउँछौं। तिनीहरू बेला-बेलामा विभिन्न अवसरमा जस्तै पर्व आदिमा खुशियाली मनाउन, आपद-विपदमा रक्षाको भिक्षा माग्न, देवी-देवरालीलाई खुशी बनाउन पूजाआजा गर्ने गर्थे, रमरौस गर्थे। यसमा संगीत, नृत्य, भाव प्रदर्शन थियो। यसरी प्रत्येक खुशियाली आदिमा। रमरौस गर्न र देवी देवरालीलाई धुप-धुँवार गर्न नाँच्ने, गाउने, धर्म, रीतिथिति संस्कारहरूमा प्रदर्शन गर्ने परम्पराबाट नै कालान्तरमा नाटकको शुरूवात भएको मानिन्छ। (4)

**अथवा**

| **प्राचीन नाटक** | **आधुनिक नाटक** |
|---|---|
| पद्यमय। | गद्यमय र पद्यमय। |
| नाटकको उद्देश्य दर्शक पाठकलाई रसपान गराउनु। | वसुधैव कुटुम्बकम्को ऋचा सुनाउनु। |
| रस संचारमा मात्र ध्यान दिनु। | मानिसको आत्मा र हृदय सम्बन्धित एवं समाज र देश सम्बन्धित हरेक स्थितिको चित्रण गर्नु। |
| मानिसलाई केवल मनोरंजन दिनु। | प्रत्येक स्थितिको चित्रण र ज्ञान दिदै मनोरंजन दिन खोज्नु। |

ख. पीड़ित जनसमूहको चित्कारलाई उठाउँदा स्वतन्त्रता संग्राममा सिन्दूर पुछिएकी विदुवाको आवाज हुँदा, ममतामय आमाहरूको काख शून्य भएको अवस्थालाई जनाउँदा र नेताको नीतिको विरोधमा आवाज उठाउँदा नितिशा बन्दिनी भएकी थिई। (2)

ग. जब-जब देश वा समाजमा शोषण, अन्याय र पक्षपात भएको जनसमूहले अनुभव गर्दछन् तब नै जनसमूहको सङ्गठित आवाज क्रान्तिको रूपमा अघि आउँछ। (2)

## खण्ड-चार (नेपाली भाषाको परिचय) (2 x 3 = 6)

4. क. बेग्ला-बेग्लै भाषा परिवार अन्तर्गत पर्न गएका कारणले नबुझिएको हो।
ख. सम्पूर्ण नेपाली जातिले एका-अर्कासित भेट हुँदा बोल्ने र सबैले बुझ्ने भएकाले साझा भाषा भनिन्छ
ग. भारोपेली परिवार अन्तर्गत
घ. हिन्दी, बंगाली, उड़िया, आसामी आदि।

## 'खण्ड-पाँच' (लेखाइ एवं रचना कौशल)

**5. क. निबन्ध रचना (अङ्क वर्गीकरण)** (5)

i. भूमिका।

ii. विषयवस्तु।

iii. उपसंहार।

**ख. पत्रलेखन् (अङ्क वर्गीकरण)** (5)

i. सम्बोधन एवं तारिख।

ii. विषयवस्तु।

iii. पत्रको मुख्य भाग।

iv. पत्रको अन्त वा शेष भाग (निर्देशन, वर्तमानमा अंग्रेजी भाषाको ढाँचामा लेखिएको पत्र पनि स्वीकार्य रहनेछ।)

•

# Term-II

## Blue Print Class-XII

| Section | Details of topic/section | Types of question | No. of question | Weightage |
|---|---|---|---|---|
| Katha | Macha ko mol/<br>Rup Ko Mulya | S.A | 2 X 1 = 2<br>3 X 2 = 6 | 8 |
| Nibandha | Hai Hai Angreji | L.A | 4 X 2 = 8 | 8 |
| Natak | Sadharan Parichaya<br>Ekanki Natak 'Bandhini' | L.A<br>S.A | 4 X 1 = 4<br>2 X 2 = 4 | 8 |
| Nepali Sahitya Ko Aatihasik Parichaya | Nepali Bhasa Ko Parichaya | S.A | 2 X 3 = 6 | 6 |
| Writing Composition | Madhyamik Vyakaran | L.A | 5 X 2 = 10 | 10 |
| | Essay, Letter Writing, | | | |
| **TOTAL** | | | | **40** |